# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

पत्र संख्या
चलानी नं.

बबरमहल, काठमाडौं ।

सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

सत्य निरुपण तथा मेलमिलाप आयोग नेपालको सचिवालयबाट जारी भएको

## प्रेश विज्ञप्ति

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा भएको संशोधनमार्फत यस आयोगको कार्यावधि एक वर्ष थप भएको छ । उक्त अवधिभित्र ऐन वमोजिम आयोगबाट सम्पन्न हुनुपर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्ने प्रावधानसमेत ऐनमा उल्लेख रहेको छ । मिति २०७५/१०/२५ मा संशोधन भएको उक्त ऐनमा आयोगका अध्यक्ष तथा सदस्यको पदावधि २०७५/१२/३० मा समाप्त भएको कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको नमानिने व्यवस्थासमेत थप गरिएकोले आयोगको सचिवालय आयोग रहेसम्म कृयाशील हुने भएकाले सो कानुनी व्यवस्था वमोजिम आयोगको सचिवालयले कानून वमोजिम कार्य सम्पादन र जिम्मेवारी वहन गरिरहेको छ । यस आयोगमा दर्ता भएका उजुरीहरु तथा तत्सम्बन्धी फाइलहरु यस आयोग र आयोगका मुकाम कार्यालयहरुमा पूर्णरुपमा सुरक्षित रहेका छन् । विगतदेखि नै आयोगमा प्राप्त उजुरीहरुको अभिलेख राख्ने लगायतको उजुरी व्यवस्थापनको कार्य आयोगको सचिवालयका कर्मचारीहरुबाट भइरहेको व्यहोरा अवगत गराउँदै उजुरीको सुरक्षा तथा गोपनियताको सम्बन्धमा कुनै शंका नगर्न सम्पूर्ण उजुरीकर्ता, पीडित एवं सरोकारवाला सबैमा जानकारी गराइन्छ । साथै आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति भएपश्चात् कानून वमोजिम उजुरीको अनुसन्धान गर्ने लगायतका आवश्यक काम कारवाही प्रकृया अगाडि बढ्ने व्यहोरासमेत सबैमा अनुरोध छ ।

गोपीचन्द्र भट्टराई
२०७५/१२/२९

डा. गोपीचन्द्र भट्टराई
**सहसचिव**
सत्य निरुपण तथा मेलमिलाप आयोग

फोन नं. ०१ ४२२३६०१, फयाक्स नं. ०१ ४२२०२९७, ई-मेल:trcbabarmahal@gmail.com